# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, वैशाख २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ३

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०८२

<u>प्रस्तावनाः</u> प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यस **"कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०८२"** जारी गरेको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"ईलेक्ट्रिकल वायरिङ्ग मर्मत"** भन्नाले सवारी साधनभित्र विभिन्न प्रयोजनका लागि प्रयोग भएका विद्युतीय प्रणाली सम्बन्धीको मर्मत तथा सम्भार सम्झनुपर्छ।

(ख) **"कारखाना"** भन्नाले च्यासिस, इन्जिन तथा अन्य पार्टपुर्जा आयात गरी सवारीको बडी निर्माण तथा सवारी साधन तयार (एसेम्बल) गर्न प्रचलित कानून बमोजिम दर्ता भएका फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

(ग) **"दर्तावाल इन्जिनियर"** भन्नाले नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको सिभिल/अटोमोबाइल इन्जिनियर वा मेकानिकल इन्जिनियरलाई सम्झनुपर्छ।

(घ) **"प्राविधिक प्रतिवेदन"** भन्नाले कारखाना तथा वर्कसप दर्ता तथा सञ्चालन गर्नका लागि यस निर्देशिकामा तोकिएको भौतिक पूर्वाधार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सम्बन्धी मापदण्डको बारेमा दर्तावाल इन्जिनियरले तयार पारेको प्रतिवेदनलाई सम्झनुपर्छ।

(ङ) **"बडीको मर्मत तथा डेण्टपेण्ट"** भन्नाले सवारी साधनको बडी सम्बन्धी गरिने सम्पूर्ण मर्मत तथा सम्भारका साथै बडीको डेण्टपेण्ट सम्बन्धी कार्यहरूलाई सम्झनुपर्छ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेशको यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(छ) **"वर्कसप"** भन्नाले सवारी साधनहरूको पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, मर्मत सम्भार, पार्टपुर्जा फेरबदल, डेण्टपेण्ट तथा इन्जिन ओभरहलिङ्ग आदि कार्य गर्न प्रचलित कानून बमोजिम दर्ता भएका फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

३. <u>कारखाना तथा वर्कसपको वर्गीकरणः</u> कारखाना तथा वर्कसपको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) <u>वर्ग 'क'</u>ः चार टनभन्दा कम्ती वजन भएका सवारी साधनहरू (कार, जिप, भ्यान) को मेकानिकल मर्मत सम्भार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेण्ट सम्बन्धी सेवाहरू प्रदान गर्ने वर्कसपलाई वर्ग **'क'** वर्कसप भनिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) **<u>वर्ग 'ख'</u>**: चार टनभन्दा बढी वजन भएका सवारी साधनहरू (ट्रक, बस, मिनीबस, मिनीट्रक तथा माइक्रोबस आदि) को मेकानिकल मर्मत सम्भार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेण्ट सम्बन्धी सेवाहरू प्रदान गर्ने वर्कसपलाई वर्ग **'ख'** वर्कसप भनिनेछ।

(ग) **<u>वर्ग 'ग'</u>**: मोटरसाइकल, स्कुटर तथा मोपेड आदिको मेकानिकल मर्मत सम्भार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेण्ट सम्बन्धी सेवाहरू प्रदान गर्ने वर्कसपलाई वर्ग **'ग'** वर्कसप भनिनेछ।

(घ) **<u>वर्ग 'घ'</u>**: निर्माण उपकरणहरू (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदि) को मेकानिकल मर्मत सम्भार, ईलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेण्ट सम्बन्धी सेवाहरू प्रदान गर्ने वर्कसपहरूलाई वर्ग **'घ'** वर्कसप भनिनेछ।

(ङ) **<u>वर्ग 'ङ'</u>**: कुनै पनि सवारी साधनहरूको बडी विल्डिङ्ग तथा मर्मत कार्य गर्ने कारखानालाई वर्ग **'ङ'** कारखाना भनिनेछ।

(च) **<u>वर्ग 'च'</u>**: च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पार्टपुर्जा (बडी समेत) एसेम्बल गरी सवारी साधन तयार गर्ने कारखानालाई वर्ग **'च'** कारखाना भनिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. **दर्ता सम्बन्धी व्यवस्थाः** (१) कारखाना तथा वर्कसप सञ्चालन गर्न यस अघि प्रचलित कानून बमोजिम प्रदेश सरकारका अन्य कुनै कार्यालयमा सञ्चालनको लागि दर्ता भइसकेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मन्त्रालयमा सञ्चालन अनुमतिको लागि सूचीकृत गर्नु पर्नेछ। यसरी सूचीकृत हुने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऐन, नियम वा यस निर्देशिका बमोजिम साल बसाली नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बाहेकका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले दर्ता गर्न वा सञ्चालन अनुमति पत्र लिन चाहेमा मन्त्रालय समक्ष देहायका कागजात सहित निवेदन पेस गर्नु पर्नेछ।

(क) प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को अनुसूची-५२ को ढाँचा बमोजिम निवेदन तथा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कम्पनी दर्ता गरेको हकमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर/मूल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्थानीय तहको कार्यालय वा स्थानीय तहको वडा कार्यालयको सिफारिस,

(ङ) कारखानाको हकमा प्राविधिक प्रतिवेदन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(च) काम गर्ने प्राविधिक तथा अन्य कामदार तथा कर्मचारीहरूको विवरण अनुसारको योग्यता र अनुभव खुलेको सेवा करारका कागजातहरू,

(छ) उपदफा (१) बमोजिम अन्य प्रयोग हुने जमिनको जग्गा धनी प्रमाण पुर्जा वा भाडा वा घर बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि।

(ज) उपदफा (१) बमोजिम अन्य कुनै निकायमा दर्ता भई सकेका कारखाना तथा वर्कसपहरूले मन्त्रालयबाट सञ्चालनको अनुमति लिन आउँदा समेत यस दफा बमोजिमका कागजात पेस गर्नु पर्नेछ।

(३) दफा ४ को खण्ड (ङ) मा उल्लेख भएको प्राविधिक प्रतिवेदन यस निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा हुनु पर्नेछ।

**५. नवीकरण सम्बन्धी व्यवस्थाः** (१) कारखाना तथा वर्कसप सञ्चालनको अनुमतिपत्र नवीकरण गर्नको लागि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मन्त्रालयमा देहाय बमोजिमका कागजात पेस गर्नु पर्नेछ।

(क) सम्झौता बमोजिम म्याद समाप्त भएका कागजातको नवीकरण वा पुनः सम्झौताको प्रतिलिपि,

(ख) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि। यदि गत आर्थिक वर्षको कर विवरण बुझाउन पाउने म्याद बाँकी रहेको अवस्थामा सो भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता विवरण,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) कारखानाको हकमा प्राविधिक प्रतिवेदन।

६. <u>कारखाना तथा वर्कसप सञ्चालन सम्बन्धी मापदण्डः</u> कारखाना तथा वर्कसप सञ्चालन सम्बन्धी मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ।

७. <u>कारखानाले पालना गर्नुपर्ने सर्तहरुः</u> वर्ग 'ङ' बमोजिम बडी विल्डिङ्ग तथा मर्मत कार्य गर्ने कारखानाले पालना गर्नुपर्ने सर्तहरू देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयबाट अनुमति प्राप्त भएका डिजाइन अनुसारको सवारीको बडी मात्र निर्माण गर्नु पर्नेछ।

(ख) डिजाइनको लागि अनुमति प्राप्त गर्दा च्यासिसको किसिम अनुसारको बडीको डिजाइन तथा स्पेशिफिकेसन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(ग) पेस भएको डिजाइन तथा स्पेशिफिकेसन दर्तावाल इन्जिनियरले तयार तथा प्रमाणित गरेको हुनु पर्नेछ।

(घ) बढी निर्माणको स्पेशिफिकेसन अनुसार भए नभएको निरीक्षण मन्त्रालय वा कार्यालयको इन्जिनियरले कम्तीमा देहाय अनुसारको अनुगमन (तीन पटक) गरी प्रमाणित गरेको हुनु पर्नेछः-

१. बडीको Structural Frame Dimensions,

२. बडीको सिट संख्या, Electric Circuit तथा अन्य स्पेशिफिकेसन, र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. बडीको निर्माण सम्पन्न प्रतिवेदन।

(ङ) बस बडी निर्माण सम्पन्न प्रतिवेदनको आधारमा मात्र कार्यालयले सवारीको दर्ताको प्रक्रिया शुरु गर्नेछ।

९. <u>अनुमति प्राप्त वर्कसप तथा कारखानाबाट मात्र सेवा लिनु पर्ने:</u> कोशी प्रदेशभित्र रहेका संघीय कार्यालय, प्रदेश सरकार वा अन्तर्गतका कार्यालय, स्थानीय तह तथा सार्वजनिक संस्थानहरूका सवारी साधनहरूको मर्मत सम्भार गर्दा मन्त्रालयबाट सञ्चालन अनुमति प्राप्त गरेका वर्कसप तथा कारखानाहरूबाट मात्र सेवा लिनु पर्नेछ। त्यस्तो वर्कसप तथा कारखानामा सेवा लिए वापतको रकमको मात्र सम्बन्धित कार्यालयबाट भुक्तानी हुनेछ।

१०. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> (१) मन्त्रालय वा सम्बन्धित यातायात व्यवस्था कार्यालयले समय समयमा वर्कसप वा कारखानाको अनुगमन गर्नेछ।

(२) अनुगमन निरीक्षकले अनुगमन गर्दा अनुसूची-३ बमोजिमको कारखाना तथा वर्कसप निरीक्षण चेकलिस्ट तयार गर्नु पर्नेछ।

(३) अनुगमनको क्रममा मापदण्ड बमोजिम सञ्चालन भएको नपाइएमा पहिलो पटक सचेत गराइने छ भने दोस्रो पटकको अनुगमनमा समेत मापदण्ड बमोजिम सञ्चालन नभएको पाइएमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना गर्न सक्नेछ।

११. <u>रद्द गर्न सक्ने:</u> यस निर्देशिका बमोजिम कसैले अनुगमन गर्दा कारखाना तथा वर्कसप मापदण्ड बमोजिम सञ्चालन गरेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

नपाइएमा त्यस्तो वर्कसप तथा कारखानाको सञ्चालन अनुमति आधार र कारण खोली अधिकार प्राप्त अधिकारीको सिफारिसमा मन्त्रालयले रद्द गर्न सक्नेछ।

१२. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> मन्त्रालयले यस निर्देशिकाको कार्यान्वयनको चरणमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

१३. <u>बचाउः</u> यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१
### (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)
### प्राविधिक प्रतिवेदनको ढाँचा

यो प्रतिवेदन दर्तावाल इन्जिनियरले तयार गरेको हुनु पर्नेछ। कारखाना तथा वर्कसप दर्ता गर्नको लागि पेस गर्नुपर्ने प्राविधिक प्रतिवेदनमा देहाय अनुसारका विवरण खुलाई तयार पार्नु पर्नेछः-

**१. कारखाना तथा वर्कसपको नामः**

**२. दर्ता गर्नुपर्ने कारखाना तथा वर्कसपको वर्गीकरणः**

**३. Registered engineer shall prepare the technical report as per the table below:-**

| S.N. (1) | Description required standard (2) | Criteria/standard (3) | Yes (4) | No (5) | Remarks (6) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**<u>Explanation:</u>**

- Column (2) and column (3): These columns shall contain all the requirements as per the standard on physical infrastructure, available land approach road equipment/tools human resources as mentioned in the Annex-1
- Column (4) and Column (5): These columns shall contain compliance or non-compliance of the requirements mentioned in column (2) and column (3)
- Column (6): This column shall contain the technical justification of requirement if any.

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**४. Overall Recommendations and remarks:**

| |
|---|
| **General recommendation:**<br>(क) सिफारिस गरिएको कारखाना तथा वर्कसपः<br>..........................................................................<br>(ख) भौतिक पूर्वाधार, Equipment/tools र मानवीय संसाधन सम्बन्धी भएको कैफियत अनुसारको निष्कर्षः<br>..........................................................................<br>..........................................<br>..........................................................................<br>.......................................... |
| **Specific recommendation:**<br>आज मिति ....................... गते तयार पारिएको यो प्राविधिक प्रतिवेदन, कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०८२ मा उल्लिखित सम्पूर्ण भौतिक पूर्वाधार, Equipment/tools र मानवीय संसाधन सम्बन्धी मापदण्डहरू सारभूत रुपमा पूरा भएकोले यो ...................................................... वर्कसप/कारखाना ............. वर्गमा दर्ता गर्नका लागि सिफारिस गर्दछु। |

हस्ताक्षरः ..........................

नामः ..............................

दर्ता नं. ..........................

(मेरो नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि यसै साथ संलग्न राखेको छु।)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-२

## (दफा ६ सँग सम्बन्धित)

## कारखाना तथा वर्कसप सम्बन्धी मापदण्ड

### वर्ग "क" वर्कसप

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/ Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| ४ टन भन्दा कम्ती बजन भएका सवारी साधनहरू (कार, जीप, भ्यान) | **मेकानिकल मर्मत सम्भार:** पन्चर टाल्ने तथा चक्काको खोलफिट, नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, वातानुकूलित प्रणाली मर्मत, इन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरू।<br>इलेक्ट्रिकल वायरिङ्ग मर्मत। | • सडकको सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>• मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने।<br>• कम्तीमा १५ वर्ग मिटरको कार्यालय कोठा हुनुपर्ने।<br>• कम्तीमा ५० वर्ग मिटरको मर्मत सेड हुनुपर्ने।<br>• कम्तीमा १० थान सवारी साधन अट्न सक्ने स्थान भएको।<br>• Ramp Trench व्यवस्था भएको।<br>• पर्खाल वा तारवारले घेरिएको क्षेत्र भएको।<br>• कम्तीमा ४ मिटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने।<br>• मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने। | • Wrench sets, Various gauges<br>• Files, Chisel, scrubbers, pliers, Punching tools<br>• Drilling Machines; Grinding Machines<br>• Welding Machines, Sawing machines<br>• Hacksaw Handles and Blades<br>• Two post four post lift<br>• Work Bench, Vices and Fixtures<br>• Complete Mechanical Tool-Box<br>• Voltmeter/Ammeter<br>• Hydraulic Jack, Air Compressor<br>• Water Pump Water tank. Oil collection tank | दक्ष प्राविधिक कामदार कम्तीमा दुई जना र अर्धदक्ष कामदार तीन जना।<br>एक जना मेकानिकल अटोमोबाइल सब-इन्जिनियर/ इन्जिनियर (आंशिक समय भए पनि)<br>(दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कसप तथा कारखानामा अर्धदक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | बडीको मर्मत तथा डेण्टपेण्ट। | • पर्याप्त मेशिन तथा औजारहरू भएको हुनुपर्ने। • वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहोर व्यवस्थापन हुनुपर्ने, ध्वनि प्रदूषण गर्न नहुने। • खानेपानी तथा शौचालयको उचित व्यवस्था भएको। • प्राथमिक उपचारको सामग्री (First Aid Box) भएको हुनुपर्ने। • अग्नि नियन्त्रक (Fire Extinguisher) (at least one or per 3500 sq. ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने। | and bins: Battery Charger • Engine / Gear Box Lifter • Service Trolley, Waste oil collection and transfer system • Greasing Equipment, Digital Battery Tester • Denting painting tools • And other related tools and equipment | काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ।) (अर्धदक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ।) |

**वर्ग "ख" वर्कसप**

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/ Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| ४ टन भन्दा बढी वजन भएका सवारी साधनहरू ट्रक, बस, मिनीबस, मिनीट्रक | • मेकानिकल मर्मत सम्भार पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, • च्यासिस मर्मत, सामान्य पार्टपुर्जा | • सडकको सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने। • मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने। • कम्तीमा १५ वर्ग मिटरको कार्यालय कोठा हुनुपर्ने। • कम्तीमा १५० वर्ग मिटरको मर्मत शेड हुनु पर्ने। | • Wrench sets • Various gauges • Drilling Machines • Grinding Machines • Welding Machines • Sawing machines • Hacksaw Handles and Blades • Two post four post lift • Work Bench • Vices and Fixtures | १. दक्ष प्राविधिक कामदार कम्तीमा दुई जना र अर्धदक्ष कामदार तीन जना। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| तथा माइक्रोबस आदि) | मर्मत तथा फेरबदल गर्ने,<br>• ब्रेक तथा क्लच, एयर कन्डिसनिङ्ग सिस्टम मर्मत, इन्जिन मर्मत तथा ओभरहलिङ लगायतका अन्य मर्मत कार्यहरू।<br>• इलेक्ट्रिकल वायरिङ्ग मर्मत।<br>• बडीको मर्मत तथा डेण्टपेण्ट। | • कम्तीमा ५ थान सवारी साधन (बस, ट्रक) अट्न सक्ने स्थान भएको।<br>• पर्खाल वा तारवारले घेरिएको क्षेत्र भएको।<br>• कम्तीमा ७ मिटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने।<br>• मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने।<br>• पर्याप्त मेशिन तथा औजारहरू भएको।<br>• वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने, ध्वनि प्रदूषण गर्न नहुने।<br>• प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनु पर्ने।<br>• अग्निनियन्त्रक (Fire Extinguisher) (at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने। | • Complete Mechanical Tool-Box<br>• Voltmeter/Ammeter<br>• Hydraulic Jack<br>• Air Compressor<br>• Water Pump<br>• Water tank, Oil collection tank and bins<br>• Battery Charger<br>• Engine/Gear Box Lifter<br>• Service Trolley<br>• Waste oil collection and transfer system<br>• Greasing Equipment | २. एक जना मेकानिकल अटोमोबाईल सब-इन्जिनियर/ इन्जिनियर (आंशिक समय भए पनि) |

## वर्ग "ग" वर्कसप

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/ Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| मोटरसाइक, स्कूटर तथा मोपेड | १. मेकानिकल मर्मत सम्भारः पन्चर टाल्ने तथा चक्का खोलफिट, | •सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>•मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने। | • Ratchet wrench<br>• Various gauges<br>• Files, Chisels, scrubbers, pliers, Punching | मोटरसाइकल मर्मत सम्बन्धी आधारभूत |

| | | | | |
|---|---|---|---|---|
| | नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने, ब्रेक तथा क्लच, ईन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरू।<br>२.ईलेक्ट्रिकल वायरिङ्ग मर्मत।<br>३.बडीको मर्मत तथा डेण्टपेण्ट । | ३.कम्तीमा एक वटा क्याबिन हुनु पर्ने।<br>•कम्तीमा ५ थान मोटरसाइकल अट्न सक्ने स्थान भएको।<br>•आवश्यक औजार भएको हुनुपर्ने।<br>•शिक्षण संस्था तथा अस्पतालसँग जोडिएको हुन नहुने ।<br>• सवारी तथा पैदल यात्रुको आवागमनमा बाधा पुग्ने गरी मर्मत कार्य गर्न नहुने।<br>•वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने, ध्वनि प्रदूषण गर्न नहुने।<br>• खानेपानी तथा शौचालयको व्यवस्था भएको हुनुपर्ने।<br>• प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने।<br>• अग्नि नियन्त्रक (Fire Extinguisher) (at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने। | • Grinding Machines<br>• Hacksaw Handles and Blades<br>• Work Bench<br>• Vices and Fixtures<br>• Complete Mechanical Tool Box<br>• Voltmeter/Ammeter<br>• Air Compressor<br>• Water Pump Water tank. Oil collection tank and bins: Battery Charger<br>• Engine / Gear Box Lifter<br>• Service Trolley, Waste oil collection and transfer system<br>• Greasing Equipment, Digital Battery Tester<br>• Denting painting tools<br>• And other related tools and equipment | तालिम लिएको र पाँच वर्ष कार्य अनुभव भएका २ जना वा मेकानिकल इन्जिनियर वा सब-इन्जिनियर। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वर्ग "घ" वर्कसप

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| निर्माण उपकरणहरू (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदि) | १. मेकानिकल मर्मत सम्भार, पन्चर टाल्ने तथा चक्का खोलफिट, नियमित सर्भिसिङ्ग, च्यासिस मर्मत, सामान्य पार्टपुर्जा मर्मत तथा फेरबदल गर्ने,ब्रेक तथा क्लच, एयरकन्डिसनिङ्ग सिस्टम मर्मत, इन्जिन मर्मत तथा ओभरहलिङ्ग लगायतका अन्य मर्मत कार्यहरू।<br>२.इलेक्ट्रिकल वायरिङ मर्मत।<br>३. बडीको मर्मत तथा डेण्टपेण्ट। | १.सडक सीमा (Right of Way) बाट बाहिर हुनुपर्ने।<br>२.मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने।<br>३.कम्तीमा १५ वर्ग मिटरको मिटरको कोठा हुनुपर्ने।<br>४.कम्तीमा १५० वर्ग मिटरको मर्मत बन्द टहरा हुनुपर्ने।<br>५.कम्तीमा ५ थान सवारी साधन अट्नसक्ने स्थान भएको।<br>६. पर्खाल वा तारवारले घेरिएको क्षेत्र (कम्पाउन्ड) भएको।<br>७.कम्तीमा ७ मिटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने।<br>८.मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायात आवागमनमा बाधा पुग्न नहुने।<br>९.पर्याप्त मेशिन तथा औजारहरू भएको। | • Ratchet wrench,<br>• Various gauges<br>• Files, Chisels, scrubbers, pliers, Punching<br>• Drilling Machines<br>• Grinding Machines<br>• Welding Machines<br>• Sawing machines<br>• Hacksaw Handles and Blades<br>• Two-post four-post lift<br>• Work Bench<br>• Vices and Fixtures<br>• Diagnostic Tools<br>• Complete Mechanical Tool Box<br>• Automatic/Semi-Automatic tyre Changer<br>• Tyre Inflator/deflator<br>• Voltmeter/Ammeter<br>• Hydraulic Jack<br>• Air Compressor<br>• Water Pump<br>• Water tank. Oil collection tank and bins<br>• Battery Charger<br>• Engine Lifter Gear Box Lifter | १. दक्ष प्राविधिक कामदार कम्तीमा दुई जना र अर्धदक्ष कामदार तीन जना।<br>२.एक जना मेकानिकल अटोमोबाईल सब-इन्जिनयर/ इन्जिनियर (आंशिक समय भए पनि) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | १०.वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहर व्यवस्थापन हुनुपर्ने, ध्वनि प्रदूषण गर्न नहुने।<br>१०.शौचालय, खानेपानीको व्यवस्थापन भएको।<br>११.अग्नि नियन्त्रण (Fire Extinguisher) (at least one or per 3500 sq. ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने।<br>११.प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने। | • Fully Equipped Service Trolley<br>• Waste oil collection and transfer system<br>• Greasing Equipment<br>• Digital Battery Tester<br>• Parts Trolley<br>• Dent paint facility<br>• And other related necessary tools and equipment | |

वर्ग "ङ"

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| जुनसुकै सवारीको च्यासिस आयात गरी नयाँ बढी बनाउने | कुनै पनि सवारी साधनहरूको च्यासिस आयात गरी वा निर्माण गरी नयाँ | १.सडक सीमा (Right of Way) बाहिर हुनुपर्ने।<br>२.मर्मत कार्य गर्दा सवारी साधन राख्न पर्याप्त स्थान हुनुपर्ने।<br>३.कम्तीमा १५ वर्ग मिटरको कोठा हुनुपर्ने। | • Motorized Guillotine Sheet Shearing Machine.<br>• Power operated Press Brake bending machine.<br>• Suspension type M.I.G.<br>• Welding system Gas Welding set | • दक्ष प्राविधिक कामदार कम्तीमा दुईजना र अर्धदक्ष कामदार तीन जना।<br>•एक जना मेकानिकल अटोमोबाइल सब- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| वा मर्मत गर्ने कारखाना | बडी बनाउने वा बडी मर्मत गर्ने कार्य। | ४.कम्तीमा १५० वर्ग मिटरको मर्मत बडी निर्माण शेड हुनुपर्ने।<br>५.कम्तीमा ५ थान सवारी साधन अट्न सक्ने स्थान भएको।<br>६.पर्खाल वा तारवारले घेरिएको क्षेत्रको कम्पाउन्ड भएको।<br>७.कम्तीमा ७ मिटर चौडाई भएको पहुँच हुनुपर्ने।<br>८.मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायातमा बाधा पुग्न नहुने।<br>९. पर्याप्त मेशिन तथा औजारहरू भएको।<br>१०.शिक्षण संस्था तथा अस्पतालबाट कम्तीमा २०० मिटर टाढा भएको हुनुपर्ने।<br>११.वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहोर व्यवस्थापन हुनुपर्ने, ध्वनि प्रदूषण गर्न नहुने।<br>१२.खानेपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्ने।<br>१३.अग्नि नियन्त्रक (Fire Extinguisher) (at least one per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राखुपर्ने।<br>१४.प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने। | with all the Accessories<br>• Arc welding machine.<br>• Air Compressor with painting equipment and accessories for painting.<br>• Different types of power/Air operated tools like Nut runner, drilling gun.<br>• Drilling Machine<br>• Metal cutting band-saw for cutting Aluminium sections<br>• Hoist chain pulley block crane and material handling trolley<br>• Dent paint facility<br>• **Testing Equipment**<br>• Portable digital paint thickness checking equipment<br>• Small measuring tools | इन्जिनियर/ इन्जिनियर<br>• (दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कसप तथा कारखानामा अर्धदक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ।)<br>• (अर्धदक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ ।) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**वर्ग "च"**

| सवारीको किसिम | मर्मत कार्यको विवरण | भौतिक संरचना तथा अन्य मापदण्ड | Equipment/Tools | मानवीय संसाधन |
|---|---|---|---|---|
| कुनै पनि सवारीको च्यासिस लगायत अन्य पार्टपुर्जा आयात गरी वा निर्माण गरी एसेम्बल गरी तयार गर्ने कारखाना | च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पार्टपुर्जा एसेम्बल गरी सवारी साधन तयार गर्ने कार्य। | १.सडक सीमा (Right of Way) बाहिर हुनुपर्ने।<br>२.पर्खाल वा तारवारले घेरिएको क्षेत्र (कम्पाउन्ड) भएको।<br>३.कम्तीमा ७ मिटर चौडाई भएको सडकको पहुँच हुनुपर्ने।<br>४.मूल सडकबाट भित्र छिर्न पर्याप्त बाटो भई यातायातमा बाधा पुग्न नहुने।<br>५.पर्याप्त मेशिन तथा औजारहरू भएको।<br>६.शिक्षण संस्था तथा अस्पतालबाट कम्तीमा २०० मिटर टाढा भएको हुनुपर्ने।<br>७.वातावरण विभागबाट जारी भएको फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिमको फोहोर व्यवस्थापन हुनु पर्ने, ध्वनि प्रदूषण गर्न नहुने। | • Ratchet wrench<br>• Various gauges<br>• Files, Chisels, scrubbers, pliers. Punching<br>• Drilling Machines<br>• Grinding Machines<br>• Welding Machines<br>• Sawing machines<br>• Hacksaw Handles and Blades<br>• Motorized Guillotine Sheet<br>• Shearing Machine.<br>• Power operated Press Brake bending machine,<br>• Suspension type M.L.G. Welding system<br>• Gas Welding set with all the Accessories<br>• Arc welding machine.<br>• Air Compressor with painting equipment and accessories for painting<br>• Different types of power/Air operated tools like Nut runner, drilling gun.<br>• Drilling Machine<br>• Metal cutting band-saw for cutting Aluminium<br>• Sections | • दक्ष प्राविधिक कामदार कम्तीमा दुईजना र अर्धदक्ष कामदार तीन जना।<br>• एक जना मेकानिकल अटोमोबाइल सव-इन्जिनियर/ इन्जिनियर<br>• (दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको प्रमाणपत्र वा वर्कसप तथा कारखानामा अर्ध दक्ष कामदारको रूपमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ।)<br>• (अर्ध दक्ष कामदार भन्नाले कुनै शिक्षण संस्था वा तालिम केन्द्रमा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | ८.खानेपानी तथा शौचालयको उचित व्यवस्था हुनुपर्ने।<br>९.प्रदूषण लगायतका परीक्षण उपकरणहरू हुनुपर्ने।<br>१०.प्राथमिक उपचारको सामान (First Aid Box) भएको हुनुपर्ने।<br>११.अग्नि नियन्त्रक (Fire Extinguisher) (at least one or per 3500 sq.ft. floor area) पर्याप्त मात्रामा राख्नुपर्ने। | • handling trolley<br>• Assembly Line<br>• Dent paint facility<br>• Testing Equipment<br>• Portable digital paint thickness checking<br>• equipment<br>• Small measuring tools<br>• Chassis dynamometer. | कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको कामदारलाई सम्झनु पर्दछ।) |

<u>नोटः-</u>

१. सबै वर्गका कारखाना तथा वर्कसपहरू अनुसूची-३ को चेकलिस्ट अनुसार मन्त्रालयको इन्जिनियरले नवीकरण गर्नु पूर्व चेकजाँच गर्नुपर्नेछ।

२. दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे सवारी साधनहरूको एसेम्बल गर्ने सम्बन्धी मापदण्डको हकमा अनुमति दिने कार्यालयको प्राविधिकले उपयुक्त देखे बमोजिम हुनेछ।

३. यस मापदण्डमा उल्लेख भएका Equipment/Tools हरूको प्रकार तथा संख्या वर्कसपमा गरिने कामको प्रकृति र प्रविधि अनुसार थपघट हुन सक्नेछ। यसको उपयुक्तता र कारण प्राविधिक प्रतिवेदनमा समावेश भएको हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

दफा १० को उपदफा (२) सँग सम्बन्धित

कारखाना तथा वर्कसप अनुगमन चेकलिस्ट

## 1. INTRODUCTION

1. Inspections must be carried out frequently and recorded annually for high risk areas such as workshops.All members of staff will be encouraged to immediately report any defects.
2. It is not a requirement to use these forms; they are provided as a guide to the type of information that should be collected at an inspection. Sections of the forms can either be deleted if not relevant to a particular workplace or sections added to make the form more comprehensive to the particular inspection.

## 2. Factory/WORKSHOP INFORMATION

| | |
|---|---|
| **Name of workshop/ Category** | |
| **Address of the Workshop** | |
| **Name of Proprietor** | |
| **Date of Registration** | |
| **Registration No.** | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## 3. WORKSHOP INSPECTION PARAMETER

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | **A. Layout** | | | | |
| 1 | Floor and parking area as per rule | | | | |
| 2 | Floor area free of obstructions | | | | |
| 3 | Floor surface not slippery | | | | |
| 4 | Floor coverings in good condition | | | | |
| | **B. Health and safety information** | | | | |
| 5 | Is the health and safety law poster displayed in a prominent position? | | | | |
| 6 | Are no smoking signs displayed? | | | | |
| 7 | Are safe working method statements/warning signs clearly visible? | | | | |
| | **C. General Issues** | | | | |
| 8 | Is the floor space clear of debris/objects? | | | | |
| 9 | Is the area tidy and well kept? | | | | |
| 10 | 1st Floor surface free from spillages, in good condition and not slippery? | | | | |
| 11 | Are lighting levels satisfactory for safe working practices? | | | | |
| 12 | Is the plant/equipment located in an appropriate location within the workshop? | | | | |
| 13 | Is the ventilation adequate? | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| 14 | Is the temperature comfortable? | | | | |
| 15 | Are welfare facilities including wash hand basins clean and accessible? | | | | |
| 16 | Is waste stored effectively and removed frequently from the work areas? | | | | |
| 17 | Is equipment being stored correctly and not exceeding safe working loads for racking? | | | | |
| | **D. Personal protective equipment** | | | | |
| 18 | Are personal safety equipment like gloves, helmet, mask or safety goggles etc. stored safely and appropriately? | | | | |
| 19 | Is signage of personal protective equipment requirements displayed? | | | | |
| | **E. Electrical safety** | | | | |
| 20 | Are there any trailing cables, which could cause a person to trip and fall? | | | | |
| 21 | Has all portable electrical equipment been tested and labelled with the date of the test? | | | | |
| 22 | Are there any apparent faults with any electricalequipment, | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | including damage to cables, plugs and sockets? | | | | |
| 23 | Are extension leads etc. only used for low power equipment? | | | | |
| | **F. Manual handling** | | | | |
| 24 | Has manual handling been eliminated where possible or minimized so far as are reasonably practicable e. g. mechanical lifting aids – trolleys etc.? | | | | |
| 25 | Are trolleys maintained? | | | | |
| 26 | Are items stored sensibly with easy access, i.e. heavy items used frequently stored on waist level shelves and heavy items used infrequently stored at low level? | | | | |
| 27 | Are steps provided for reaching heights properly designed and maintained? | | | | |
| | **G. Emergency procedures** | | | | |
| 28 | Are all fire exit and escape routes, fire alarm points and items of firefighting equipment clearly visible, unobstructed and appropriately indicated? | | | | |
| 29 | Are all fire escapes kept closed when not in use and never wedged open (except when on catches activated by the fire alarm system)? | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| 30 | Are sufficient up to date fire action notices prominently displayed throughout the area? | | | | |
| 31 | Is there excessive storage of flammable materials? | | | | |
| 32 | Are there any exposed ignition sources? | | | | |
| 33 | Is there a first aid box readily available? | | | | |
| 34 | Are sufficient up to date first-aid notices displayed prominently through the workplace? | | | | |
| 35 | Eye wash easily accessible where necessary? | | | | |
| 36 | Is there a trained first aider available? | | | | |
| | **H. Hand Tools and Equipment** | | | | |
| 37 | Are machines adequately guarded/protected to prevent contact, entanglement etc.? | | | | |
| 38 | Is the equipment maintained in a good condition? | | | | |
| 39 | Is the equipment stored correctly? | | | | |
| 40 | Are emergency stops working? | | | | |
| 41 | Are tools &equipmentbeing in sound and good working condition? | | | | |
| 42 | Are hand tools such as chisels & punches, which became mushroomed | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | heads during use, are reconditioned or replaced as necessary? | | | | |
| 43 | Are broken or fractured tools & equipment are replaced promptly? | | | | |
| 44 | Are worn or bent wrenches are replaced? | | | | |
| 45 | Are ear, eye and face protection are used at work to<br>protect workers from noise & flying materials? | | | | |
| 46 | Is there warning signs/signage on equipment? | | | | |
| 47 | Are maintenance log being completed by staff, including vehicle checks? | | | | |
| 48 | Are the keys to vehicles/equipment being securely<br>held? | | | | |
| | **I. Chemical safety** | | | | |
| 49 | Is the safety information available for all chemicals? | | | | |
| 51 | Are chemicals labeled appropriately? | | | | |
| 52 | Are chemicals stored correctly? | | | | |
| 53 | Are flammables and corrosives stored in appropriate<br>containers? | | | | |
| 54 | Are flammable liquid cabinets at least 3m away from | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| S.N. | Requirement | Response | | Actions | Date of Action |
|---|---|---|---|---|---|
| | | Yes | No | | |
| | any potential ignition sources? | | | | |
| 55 | Are there approved methods of chemical disposal? | | | | |
| 56 | Are gas cylinders stored correctly? | | | | |
| 57 | Are fuel/lubricants stores adequately stored and signed? | | | | |

## 4. OVERALL RECOMMENDATION AND REMARKS (IF ANY)

**General Comment:**

1

.........................................................................................................................

...........................................................................

2

.........................................................................................................................

...........................................................................

3

.........................................................................................................................

...........................................................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| 4<br><br>..........................................................................................................<br><br>................................................................... |
|---|
| **Specific Comment:**<br><br>1<br><br>..........................................................................................................<br><br>...................................................................<br><br>2<br><br>..........................................................................................................<br><br>................................................................... |

**Name of the Inspector:**

**Designation:**

**Date:**

**Name of Office:**

स्वीकृत मितिः २०८२।०१।२४

आज्ञाले,

......................

राम प्रसाद आचार्य

प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश